# अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **बाँके जिल्लाका कक्षा ७ मा अध्ययनरत अवधी विद्यार्थीहरूको सस्वरपठन** क्षमताको अध्ययन रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्र नेपा.शि. ५९८ पाठ्यांशको उद्देश्य पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

कच्चा पदार्थरूपी विचार वा वस्तुलाई श्रोतासामु प्रस्तुत गर्ने कलात्मक प्रस्तुति भाषा हो । भाषा मानिसलाई सामाजिक प्राणीका रूपमा स्थापित गराउने मुख्य साधन हो, भाव र विचारको संवाहक हो । साहित्य सिर्जनाको माध्यम हो, मानव चैतन्यको परिचायक हो, सभ्यता र संस्कृतिको कवच हो । भाषाले नै मानिसलाई अन्य प्राणीभन्दा भिन्न तुल्याएको हो । यसैका माध्यमबाट चेतनशील मान्छेका मन मस्तिष्कमा उत्पन्न भएका अदृश्य र अमूर्त कुरालाई मूर्त बनाइदिन्छ । मानिस चेतनशील प्राणीका साथै सामाजिक प्राणी भएकाले सामाजिक जीवनयापनका क्रममा ज्ञानको क्षितिजलाई फराकिलो पार्ने क्रममा औपचारिक रूपमा शिक्षा हासिल गर्नुपर्ने हुन्छ । त्यसका लागि एक भाषिक माध्यम हुन्छ र त्यस भाषालाई मानक रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । मानव भाषाको सही प्रयोग गर्नको लागि यसमा विभिन्न पक्षहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता सीपमा दक्ष हुनु अपरिहार्य हुन्छ । उपयुक्त चारवटै सीपको सृजनात्मक संवृद्धिका खातिर सस्वरपठन सीप त अझ आधारभूत मानिन्छ,

अझ शब्दोच्चारण सीप र बोलाइको आधारभूत सीप हो । यसैकारण बोलाइ प्रभावकारी हुन्छ । सस्वरपठन यो नभएका वक्ताले श्रोतालाई प्रभावित पार्न नसक्ने र भाषा प्रयोग पक्ष खल्बलिने हुन्छ, त्यसैले बोलाइको शुद्धताका लागि सस्वरपठन महत्त्वपूर्ण भाषिक सीप हो । भाषाको सोझो सम्बन्ध कथ्य भाषासँग हुने भएकाले भाषालाई कथ्य र मानक बनाउनको लागि सस्वरपठनलाई खिरिलो बनाउनु अपरिहार्य हुन्छ । मान्छेले आफ्नो मनमा लागेका कुरालाई सस्वरपठनबाट प्रस्टीकरण गर्छ, त्यसेले यो मौखिक अभिव्यक्तिको प्रारम्भिक एकाइ हो । उच्चारण अङ्गका सहयोगबाट भाषिक ध्वनिको उच्चारण हुनु नै उच्चारण हो तथा सस्वरपठनको मूलरूपमा भाषाका तीनवटा सुनाइ, बोलाइ र पढाइको आधारभूमि भन्नु नै सस्वरपठन हो । सस्वरपठनको अशुद्धिले गर्दा बोलाइ अस्पष्ट हुने अर्थको अनर्थ हुने एवम् अप्रभावकारी हुनेजस्ता सम्भावना रहन्छन् । वक्ता जुन सामाजिक, सांस्कृतिक, भौगोलिक वातावरणका हो सोहीअनुसारको भाषिक रङ्गबाट मौखिक भाषा केही न केही रञ्जित हुन्छ, जसले गर्दा भाषाको स्तरीय रूपभन्दा स्थानीय विविधतामा अभ्यस्त हुन्छ । त्यस्तै भिन्न मातृभाषा भएका शिक्षार्थीहरू आफ्नो मातृभाषाको सस्वरपठनको व्यवस्थाबाट अभ्यस्त भएका हुन्छन् भने कतिपय कमजोरी अक्षर चपाएर बोल्ने अस्पष्ट बोल्नेजस्ता रहेका छन् ।

शब्दोच्चारण उत्कृष्ट भए तापनि मौखिक अभिव्यक्तिलाई प्रभावकारी र जीवन्त बनाउने तत्त्वहरू (यति, गति, लय, सु, आघात, चिह्न) लाई समेत ख्याल गरिएन भने सस्वरपठनमा समेत बाधा उत्पन्न हुन गई प्रभावकारी अभिव्यक्ति हुन सक्तैन र वक्ताको अभिप्राय बोद्धा/श्रोताले ग्रहण गर्न नसकेर अभिव्यक्ति निकम्मा साबित हुन्छ । त्यसैले शब्दोच्चारण क्षमता सस्वरपठनको आधारभूत पक्ष हो । भाषिक भाषाका अन्य पक्ष समेत प्रभावित हुने हुँदा सस्वरपठनलाई भाषिक वक्ताका लागि समस्याका रूपमा लिइएको छ ।

सस्वरपठन सीपको भाषिक अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका हुन्छ । सस्वरपठन शुद्ध भए सहज र स्वतः स्फूर्त हुन्छ । यो सीप भाषिक सीपको प्रारम्भिक चरणमा सिकाइन्छ । यसमा पढाइ, लेखाइ र बोलाइ सीप पर्दछन् । यस सीपलाई मौखिक अभिव्यक्ति सीप पनि मानिने छ ।

लिखित सामग्रीलाई आवाज निकालेर पढ्नु सस्वरपठन हो । लेख्य लिपि चिह्नहरूलाई आवाज निकालेर उच्चारण गर्दा गल्ती हुन सक्छ, त्यसैले अभिव्यक्तगत कृत्रिमतालाई सहजतापूर्वक कथ्य भाषाको निकट पुऱ्याउन सस्वरपठनको महत्त्वपूर्ण प्राप्ति मानिने छ । यसमा लिपिबद्ध सामग्रीलाई अरुले सुन्ने गरी सुहाउँदो आवाजका साथ पढ्ने कार्य गरिएको छ । यसमा प्रारम्भिक कालमा बालकलाई सस्वरपठनमा सक्रिय गराएर भविष्यका लागि कुशल वक्ता बनाउने उद्देश्य राखिन्छ । त्यसका लागि लिखित सामग्री गति, यति, आरोह, अवरोह, लय, बालघात, चिह्न, वर्णविन्यास आदिको ख्याल गरी वाचन गर्ने सीपको विकास हुन्छ र मौन पढाइको पूर्वाधार हुन्छ । त्यस्तै हाउभाउपूर्ण अभिव्यक्ति, भावानुकूल मुखमुद्रा मिलाएर ध्वनि उच्चारण गर्नु विविध शब्द, वाक्य अनुच्छेद वा सङ्कथनको शुद्ध सस्वरपठन गराउन र अरुलाई आफूतिर आकर्षित गर्न प्राथमिक र निम्न माध्यमिक तहमा यसको शिक्षण गर्नु उपयुक्त हुने छ ।

कुनै पनि शिक्षार्थीलाई औपचारिक रूपमा भाषा सिकाउँदा सर्वप्रथम सस्वरपठन गर्न लगाइन्छ । सस्वरपठन तल्ला र माथिल्ला तहमा फरक फरक किसिमले गरिन्छ । सस्वरपठन सीपको समुचित विकासका लागि उचित किसिमको शिक्षण विधि, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रिया अँगाल्नु पर्ने हुन्छ । त्यस किसिमले शिक्षण कार्य भएन भने शिक्षार्थीहरूले अपेक्षित उपलब्धि प्राप्त गर्न सक्तैनन् । त्यस्तै मानक सस्वरपठनमा बाधा पुऱ्याउने तत्त्वहरूमा क्षेत्रीय भाषाको प्रभाव, स्थानीय भाषिकाको प्रभाव, भिन्न मातृभाषाको कारणले गर्दा पनि हुने गर्छ । त्यस्तै शिक्षार्थीको रहनसहन, रीतिरिवाज, ग्रामीण, सहरिया, साक्षर, निरक्षर, वर्गीय, लिङ्गीय आदि कारणले पनि हुने गर्दछ ।

बहुभाषिक देश नेपालमा विभिन्न भाषाभाषीहरूको सम्पर्क भाषा, माध्यम भाषा, कार्यालयीय भाषा, नेपाली भाषा भएकाले सबैले नेपाली भाषा सिक्न अनिवार्य छ । शिक्षाको माध्यम प्राथमिक तहसम्म मातृभाषा हुने भनिए पनि पूर्णतः लागू हुन नसकेको अवस्थामा प्राथमिक तहमा पनि नेपाली भाषा नै माध्यम भाषा हुन पुगेको छ । निम्न माध्यमिक तहमा त अनिवार्य रूपमा नेपाली पढ्नुपर्ने भएकाले सबै विद्यार्थीका लागि नेपाली भाषा अध्ययन अपरिहार्य हुन पुगेको छ । त्यसैगरी अवधी भाषी

विद्यार्थीहरूले पनि नेपाली भाषालाई माध्यम भाषाका रूपमा ग्रहण गरिरहेको अवस्थामा उनीहरूले गर्ने सस्वरपठन सीपहरू कति र के–कस्तो हासिल गरेका छन् ? उक्त भाषिक सीपमा व्यक्ति दक्ष छन् ? उक्त सीपमा के–कस्ता समस्या छन् ? र तिनका कारण के हुन सक्छन् ? र समाधानका उपाय के हुन सक्छन् ? भन्नको निमित्त यस शीर्षकलाई समस्याको रूपमा लिइने छ । यसरी यस शीर्षकअन्तर्गत देखापरेका समस्याहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

(क) कक्षा ७ मा अध्ययनरत अवधी भाषी विद्यार्थीहरूको सस्वरपठन क्षमता के–कस्तो छ ?

(ख) सस्वरपठनका समस्या र समस्याका कारणहरू के–के हुन् ?

(ग) सस्वरपठनलाई कुन आधारमा पहिचान, वर्णन तथा विश्लेषण गर्न सकिन्छ ?

(घ) समस्या समाधानका लागि के–कस्तो सुझाव दिन सकिन्छ ?

## १.४ शोधकार्यको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) बाँके जिल्लाका कक्षा ७ मा अध्ययनरत अवधी भाषी विद्यार्थीहरूको सस्वरपठन क्षमता पहिचान गर्नु,

(ख) विद्यार्थीहरूको सस्वरपठनसम्बन्धी समस्या र तिनका कारण पत्ता लगाउनु,

(ग) विद्यार्थीहरूको सस्वरपठनसम्बन्धी तुलनात्मक अध्ययन गर्नु,

(घ) समस्या समाधानका लागि आवश्यक सुझाव दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

पूर्व कार्यको समीक्षाले भावी अध्ययनको आधारशीला तयार गर्दछ । कुनै नयाँ कार्य प्रारम्भ गर्नुभन्दा पहिला त्यस कार्यसँग सम्बन्धित कार्यहरू अगाडि भएका छन् कि छैनन् भनी पूर्वकार्यको खोजी गर्नु राम्रो हुन्छ । यस अध्ययनमा पनि केही सम्बन्धित पूर्वकार्यहरूको सङ्क्षिप्त समीक्षात्मक स्वरूप यहाँ प्रस्तुत गरिएको छ ।

त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत एम.एड. तहमा अध्ययन, अध्ययनरत प्राध्यापक र विद्यार्थीहरूद्वारा सस्वरपठन क्षमतासँग सम्बन्धित भएर विविध अध्ययन अनुसन्धान भएका छन् । उक्त अध्ययनमा प्राध्यापकहरूको सस्वरपठनसम्बन्धी भाषा शिक्षण पुस्तकहरूमा यिनको परिचय, स्तर, क्षेत्रहरूको उल्लेख गरिएको छ भने विद्यार्थीहरूले एम.एड. तह पार गर्ने प्रयोगले शोधपत्र तयार पारेका छन् । जसमा नमुना छनोट विधि अपनाएर भाषिक प्रभावका आधारमा विद्यार्थीहरू छनोट गरिएको छ र सामग्री निर्माणमा मस्यौदा प्रश्न निर्माण गरी सम्बन्धित कक्षामा पाठका अनुच्छेदबाट गरिएको छ । यस्ता अध्ययनहरूको निष्कर्ष प्रायः सस्वरपठन सीपमा विद्यार्थीहरू त्यति सक्षम नभएको देखिएका छन् । त्यसैले सुझाव स्वरूप शिक्षकहरू तालिम प्राप्त हुनुपर्ने, विषयवस्तु शिक्षण नभएर सीप शिक्षण गर्नुपर्ने, शैक्षिक सामग्रीको समुचित प्रयोग गर्नुपर्नेमा सम्बन्धित पक्षको ध्यान आकृष्ट गराउने प्रयास गरिएको छ ।

अधिकारी र शर्मा (२०५६) को सहलेखनमा तयार पारिएको “प्रारम्भिक नेपाली शिक्षण” मा उच्चारण शिक्षण नामक एक अध्ययनमा उच्चारण शिक्षणको आवश्यकता, कार्यकलाप तथा तरिका, विधिहरूको चर्चा गर्दै स्तरीय उच्चारण र त्रुटिपूर्ण उच्चारणको तुलनात्मक अध्ययन गरिएको छ ।

शब्दोच्चारण र सस्वरपठन क्षमताको शिक्षणसम्बन्धी अधिकारी (२०५९) ले “नेपाली भाषा शिक्षण” पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षको चर्चा गर्ने क्रममा शब्दोच्चारण र सस्वरपठनको शिक्षण, अध्याय, परिचय, आवश्यकता, महत्त्व र अभ्यासका बारेमा विस्तृत चर्चा गरिएको छ । सस्वरपठन सम्बन्धी अधयायमा

सस्वरपठनको परिचय, स्तर यसमा आवश्यक पर्ने सीपहरू, गति, यति, आघात, लय, स्वर प्रसारण र सस्वरपठनको अभ्यासका बारेमा चर्चा गरिएको छ ।

सुवेदी (२०६०) द्वारा "पाँच कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमताको अध्ययन" गरिएको छ । उक्त अध्ययनमा ५ सरकारी र ५ निजी विद्यालयहरू छनोट गरेर एक विद्यालयबाट १० जनाका दरले जम्मा १०० जना नमुनाका रूपमा छनोट गरिएको छ । अध्ययनमा केही ठाउँमा बढी र केही ठाउँमा कम विराम, आरोह–अवरोह नमिलाएको साथै प्रभावकारी गति, यति, हाउभाउ नगरेको पाइन्छ । तथ्याङ्क सङ्कलन अत्युत्तम, उत्तम र निम्नको श्रेणीको मापनको आधारमा गरेको पाइन्छ ।

सेढाइँ (२०६४) द्वारा "कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले सस्वरपठन क्षमताको अध्ययन" शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । जसमा उपत्यकाका ३ वटा निजी र ३ वटा सरकारी विद्यालयका जम्मा ६० जना विद्यार्थीहरूमा गरिएको अध्ययनबाट प्राप्त नतिजाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । उक्त अध्ययनमा पनि गति, यति, आघात, चिह्न प्रयोग, पदयोग, पदवियोग आदिमा गल्ती गरेको पाइन्छ । प्रायः विद्यार्थीहरू मध्यम र निम्न स्तरमा नै देखिएका छन् ।

घिमिरे (२०६४) द्वारा "कक्षा ३ पूरा गरेका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन" शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनमा कथा, निबन्ध, प्रबन्ध र संवादबाट अनुच्छेदहरूको सस्वरपठन मार्फत् मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरिएको छ । अत्युत्तम, उत्तम, मध्यम र निम्न स्तरका आधारमा स्तर निर्धारण गरिएको छ । सर्वेक्षण, तुलनात्मक खोज र व्याख्यान विधिले नमुना छनोट गरिएको छ । यस अध्ययनमा गति यतिको तुलनात्मक विश्लेषण, हाउभाउको तुलनात्मक विश्लेषण, चिह्न प्रयोग, भावाभिव्यक्ति, बोधगम्यताको तुलनात्मक अध्ययन गरिएको छ ।

सुवेदी (२०६४) द्वारा "कक्षा ८ मा अध्ययनरत कास्की जिल्लाका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन" भन्ने शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । कास्की

जिल्लामा ३ वटा सरकारी र ३ वटा निजी विद्यालयका ६० जना विद्यार्थीलाई छनोट गरी लिङ्गका आधारमा र भाषिक प्रभावका आधारमा विद्यार्थीहरूलाई लिइएको छ । सामग्री निर्माणमा कक्षा ८ को नेपाली किताबबाट कथा, जीवनी र प्रबन्ध पाठबाट निश्चित अनुच्छेद लिइएको छ । तथ्य सङ्कलन गर्दा जाँच सूचीको निर्माण गरी विभिन्न शीर्षक, उपशीर्षक दिएर सस्वरपठनमा देखिएका विभिन्न सङ्केतका आधारमा अत्युत्तम, उत्तम, मध्यम र निम्नस्तर निकालिएको छ । सस्वरपठनको स्थिति थाहा पाउन वर्णनात्मक तरिकाले विभिन्न शीर्षक, उपशीर्षक अनुसारको छुट्टाछुट्टै व्याख्या गरिउको छ ।

यसरी सस्वरपठन सम्बन्धी अध्ययन अनुसन्धान गरिएको भए पनि अवधी भाषी विद्यार्थीको अध्ययन नभएको पाइन्छ । त्यसैले उक्त विद्यार्थीहरूले दोस्रो भाषाको रूपमा नेपाली भाषा ग्रहण गर्दै नेपाली सिक्ने क्रममा सस्वरपठनका क्षेत्रमा उनीहरूको क्षमता र उनीहरूमा आएका समस्यामा अध्ययन गर्न यहाँ खोजिएको छ ।

## १.६ अध्ययनको औचित्य

भाषा उच्चारणको महत्त्वपूर्ण पक्ष हो । भाषाका विविध सीपमध्ये बोलाइसँग सम्बद्ध उच्चारणको प्रमुख स्थान हुन्छ । बोलाइ सीप भाषा विकासको प्रथम खुड्किलो पनि मानिन्छ । उच्चारणको शुद्धताबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइका सम्पूर्ण पक्ष प्रभावित हुन्छन् ।

नेपालको ८ औँ स्थानमा पर्ने अवधी भाषा एउटा सम्पन्न भाषा हो । नेपालमा तराई क्षेत्रमा बाँके, बर्दिया, रूपन्देही, कपिलवस्तु जिल्लामा बोल्ने गरिन्छ । तिनीहरूले लक्षित भाषाका रूपमा नेपाली सिक्दा स्रोत भाषाको प्रभाव पर्नु स्वाभाविक हुन जान्छ । यस्ता कारणले भाषा जटिल र त्रुटिपूर्ण हुन्छ । उच्चारणगत र सस्वरपठनको कमजोरीले अभिव्यक्ति दुर्बल र अप्रभावकारी हुन्छ । सस्वरपठनका क्रममा ‘स्थानीय’ शब्दको उच्चारण अस्थानीय, अध्यक्षलाई अदक्ष जस्ता त्रुटि गर्ने गरेको पाइन्छ । त्यस्तै सस्वरपठनका क्रममा विद्यार्थीहरूले गति, यति, सुर, आघात, हाउभाउपूर्ण

भागभङ्गीका आधारमा गर्ने अप्रभावकारिताका कारणले सिकाइ उपलब्धिविहीन बनेको पाइन्छ । त्यसैकारणले सस्वरपठनमा देखिएका समस्याहरूको कारणले पहिचान गर्नु र उक्त समस्याको निराकरणका लागि मार्ग पहिल्याउनु तथा समग्रमा यससम्बन्धी अध्ययन अनुसन्धान हुनु अत्यन्त सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

यसरी नेपाली भाषा अवधी भाषी विद्यार्थीहरू कतिको सक्षम छन् । उनीहरूको सस्वरपठन क्षमताको अवस्था पहिल्याई उनीहरूमा देखिएका समस्याको अध्ययन गरी उनीहरूको समस्या समाधानका लागि आवश्यक सुझाव दिने हुनाले यसको महत्त्व बढ्न जाने देखिन्छ ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत शोधकार्य "कक्षा ७ मा विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन" गर्नु रहेको छ । त्यसकारण अध्ययनको निश्चित क्षेत्र र सीमा नतोकिए अध्ययन सही मार्गमा अगाडि बढ्न सक्तैन । सोही कुरालाई विचार गरी प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कित गरिएको छ :

(क) प्रस्तुत अध्ययन बाँके जिल्लामा कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको स्तर पहिल्याउनुमा केन्द्रित रहेको छ ।

(ख) यो अध्ययन कक्षा ७ को 'मेरो नेपाली किताब' मा समाविष्ट कथा, जीवनी र प्रबन्धमा मात्र सीमित गरिएको छ ।

(ग) सस्वरपठन गराउँदा प्रत्यक्ष अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषणका माध्यमबाट निष्कर्षमा पुगिएको छ ।

## १.८ अध्ययन विधि

यस अध्ययनका लागि निम्नलिखित विधिहरू अपनाइएको छ :

### (क) जनसङ्ख्या र छनोट

कक्षा ७ मा अध्ययन गर्ने सम्पूर्ण अवधी भाषी विद्यार्थीहरूलाई जनसङ्ख्याका मानी प्रतिनिधि नमुनाको रूपमा बाँके जिल्लामा ६ वटा विद्यालयका जम्मा ६० जना विद्यार्थीहरू लिइएको छ । साथै प्रत्येक विद्यालयका १/१ जना विषय शिक्षक सहयोगीका रूपमा लिइएको छ ।

### (ख) सामग्री निर्माण र पूर्व परीक्षण

यो अध्ययन पूर्व परीक्षण गरी त्यसको विश्वसनीयतालाई जाँचेर तथ्य सङ्कलन गर्ने प्रकृतिको भएकाले सोहीअनुसारका सामग्री निर्माण गरी पूर्व परीक्षण गरिएको छ ।

यस कार्यका लागि सामग्री निर्माण गर्दा सर्वप्रथम सस्वरपठन क्षमता परीक्षणका लागि विभिन्न क्षेत्रमा सम्भावित सस्वरपठनका लागि समस्यापूर्ण विधा छनोट गरिएको छ । ती विधिलाई चरणबद्ध रूपमा विद्यार्थीहरूमा परीक्षण गरिएको छ ।

सस्वरपठन क्षमता परीक्षणका लागि चरणबद्ध रूपमा विभिन्न विधाबाट अनुच्छेदहरू छनोट गरिएको छ । जसका लागि कथा, जीवनी र प्रबन्ध विधाबाट अनुच्छेदहरू सङ्कलन गरिएको छ । यसका लागि पहिलो चरणमा कथा र जीवनी विधाबाट क्रमशः ३/३ अनुच्छेद छनोट गरिएको छ र विषय शिक्षकसँग सहकार्य गरेर ती अनुच्छेदहरू विद्यार्थीहरूमा परीक्षण गरिएको छ । त्यस्तै दोस्रो चरणमा जीवनी र प्रबन्ध विधाबाट क्रमशः २/२ गरी जम्मा ४ वटा अनुच्छेद पनि विद्यर्थीहरू माझ प्रयोग गरिएको छ । त्यस्तै अन्तिम चरणमा उक्त विधाबाट २ ओटा अनुच्छेद छनोट गरिएको छ र उक्त अनुच्छेदहरू विद्यार्थीहरूमा परीक्षण गरिएको छ ।

### (ग) तथ्य सङ्कलन

प्रस्तुत अध्ययनका लागि तथ्य सङ्कलन गर्ने क्रममा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूमा सर्वप्रथम छनोट गरिएका सामग्री चरणबद्ध परीक्षण गरी उनीहरूले दिएको प्रतिक्रिया टेप रेकर्डर, भिडियोद्वारा रेकर्ड गरिएको छ । उनीहरूले

दिएको प्रतिक्रियाका आधारमा रुजु सूचीमा अत्युत्तम, उत्तम, मध्यम र निम्न आधारमा चिनो लगाएर तथ्य सङ्कलन कार्य सम्पन्न गरिएको छ ।

### (घ) व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

माथि उल्लेख गरिएका प्रक्रियालाई अवलम्बन गर्दै तथ्य सङ्कलन गरिसकेपछि विद्यार्थीहरूको सस्वरपठनको स्थिति के–कस्तो पाइयो भन्ने कुरा देखाउने वर्णनात्मक तरिकाले तालिकीकरण गरेर देखाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रको रूपरेखा निम्नानुसार छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : अवधी भाषाको परिचय

अध्याय तीन : सस्वरपठन क्षमताको सैद्धान्तिक अवधारणा

अध्याय चार : सस्वरपठन क्षमताको व्याख्या, विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भसामग्री सूची

परिशिष्ट

# अध्याय दुई
# अवधी भाषाको परिचय

## २.१ विषयप्रवेश

मानवजातिको वैशिष्ट्य भन्नु नै भाषा हो । मानिस सर्वोत्कृष्ट प्राणी किन हो भने उसँग आफ्नो ज्ञान र अनुभवलाई व्यक्त गर्ने भाषा छ । त्यसैले अतिशय मिहीन भावना, विचार, अनुभूति र कल्पनालाई समेत ऊ छर्लङ्ग हुनेगरी अभिव्यक्त र ग्रहण गर्न समर्थ छ । भाषा छ, त्यसैले प्रत्येक व्यक्ति अनन्त मानिस एवम् तिनका अनन्त पुस्ताले अनन्त कालमा अर्जित गरेको अनन्त ज्ञान, अनुभव र उनीहरूका विचार तथा भावनासँग साक्षात्कार गर्न अनि आफू पनि त्यसैगरी अनन्त मानिसलाई अनन्तकालसम्म सम्बोधन गरिरहन सक्तछ ।

कच्चा पदार्थरूपी विचार वा वस्तुलाई श्रोतासामु प्रस्तुत गर्ने कलात्मक प्रस्तुति भाषा हो । भाषा मानिसलाई सामाजिक प्राणीका रूपमा स्थापित गराउने मुख्य साधन हो, भाव र विचारको संवाहक हो । साहित्य सृजनाको माध्यम हो, सभ्यता र संस्कृतिको कवच हो । भाषा नै मानिसलाई अन्य प्राणीभन्दा भिन्न तुल्याएको हो । यसैका माध्यमबाट चेतनशील मान्छेका मन मस्तिष्कमा उत्पन्न भएका अदृश्य र अमूर्त कुरालाई मूर्त बनाइदिन्छ । मानिस चेतनशील प्राणीका साथै सामाजिक प्राणी भएकाले सामाजिक जीवनयापनका क्रममा ज्ञानका विभिन्न क्षितिजलाई फराकिलो पार्ने क्रममा औपचारिक रूपमा शिक्षा हासिल गर्नुपर्ने हुन्छ । भाषाका माध्यमले समाजका सम्बन्धहरू स्थापित र विच्छेदित हुन्छन् । आपसी लेनदेन व्यवहारको लागि भाषा मानव समाजमा अपरिहार्य हुन्छ । भाषा विहीन समाजको कल्पना गर्न पनि सकिँदैन । भाषा स्थिर नभई गतिशील हुन्छ । वक्ता समुदायका सुविधा र अनुकूलतासँगै यो पनि समयान्तरमा रूपान्तरित हुँदै जान्छ । रूपान्तरण ध्वनिदेखि व्याकरण र शब्दभण्डारसम्म हुन सक्छ ।

## २.२ अवधी भाषाको परिचय

अवधी भाषा नेपाल र भारतको विशाल भूभागमा बोलिन्छ । नेपालमा यसलाई राष्ट्रिय भाषाको रूपमा २०४७ सालको संविधानले मान्यता दिएको छ । यो भाषाले औपचारिक शिक्षामा प्राथमिक तहदेखि माध्यमिक तहसम्म अध्ययनको स्वीकृति पाएको छ । राष्ट्रिय जनजागरण २०५८ अनुसार यो भाषा करिव ६ लाख नेपालीले मातृभाषाको रूपमा बोल्छन् ।

अवधी शब्दको निर्माण पणिनीय वध् धातुबाट भएको मानिन्छ । नवध् अवध अर्थात् हिंसाइतर वा अहिंस्रक भन्ने व्युत्पत्ति अर्थ भएको मानिन्छ । भारतको अयोध्या क्षेत्रतिर पनि बोलिने हुनाले अवधी भाषालाई असोध्यासँग पनि गाँसेको पाइन्छ । भगवान् रामचन्द्रको धाम मानिने हुनाले अयोध्यानगरीवासी र अवधी भाषी दुवै पवित्र एवम् शान्तिप्यि भएको उल्लेख भेटिन्छ । अवधी भाषालाई कोसेली भाषा पनि भनेको पाइन्छ । अवधी र कोसेली दुवै क्षेत्रवाची शब्दहरू हुन् । अवध क्षेत्रलाई त्यतिखेर पर्यायमा कोसल पनि भनिने हुनाले अवधी पर्यायमा कोसेली हुन पुगेको हो । अवध क्षेत्र अहिले भारतको राजनैतिक मानचित्रमा छैन । समयको परिवर्तनसँगै अवध क्षेत्र नरहे पनि अवधी भाषा भने अस्तित्वमा छ । यो नेपाल र भारत गरी साढे दुई करोड जनसङ्ख्याको मातृभषा भएको उल्लेख भेटिन्छ ।

## २.३ अवधी भाषाको क्षेत्र

अवधी भाषाको क्षेत्र निर्धारणमा पनि मत भिन्नता पाइन्छ । अवधी भाषा नेपाल र भारतको विशाल भूभागमा बोलिन्छ । भारतीय जनगणना (१९९९) अनुसार भारतमा मात्रै दुई करोड मानिस अवधी भाषा बोल्छन् । समग्र विश्वभरी अवधी भाषाको सङ्ख्या दुई करोड छप्पन्न लाख सात सय चौध रहेको मानिएको छ । यो भाषा खासगरी भारतको उत्तरप्रदेश र विहारमा बोलिन्छ तथा नेपालको तराई भागमा बोलिन्छ । स्थानगत रूपमा उल्लेख गर्दा अवधी भाषा भारतको सीतापुर, लखनऊ, राइबरेली, बहराइच, प्रतापगढ, सुल्तानपुर, गोन्डा, फाजियावाद, अलाहवाद तथा

आसपासका क्षेत्रमा बोलिन्छ भने नेपालको नवलपरासी, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसम्म बोलिन्छ, तराइवासी नेपालीले मातृभाषाको रूपमा बोल्ने यो भाषा राष्ट्रिय जनगणना २०५८ मा पनि भारोपेली परिवारमा नेपालमा बोलिने भाषाहरूमध्येमा चौथो स्थानमा पर्छ । यस भाषाका पनि सामाजिक र क्षेत्रीय भाषिकाहरू रहेका छन् । कतिपय भारतीय भाषशास्त्रीहरूले अवधीलाई हिन्दीकै एउटा भाषिका मानेको पनि पाइन्छ । तथापि यसलाई स्वतन्त्र भाषा मान्नेहरू पनि कम छैनन् । अवधी भाषाका गङ्गापुरी, मीतपुरी, प्रेर्दशी र उत्तरी गरी चार क्षेत्रीय भेद रहेको उल्लेख भेटिन्छ । नेपालको पश्चिम तराईमा बोलिने अवधी भारतको बहराइच, राइबरेलीतिर बोलिने अवधी पनि कतिपय अवस्थामा नबुझिने हुन्छ । यो भाषा नेपालका तराइवासी मधेशीहरूले यसलाई मातृभाषाका रूपमा प्रयोग गर्छन् । तराइबासीहरूमा पनि खासगरी कुर्मी, यादव, बठई, मुसलमान, बनियाँ, मल्लाह, नाऊ, कलवार, राजपूत, कल्हाँर, लोध, चिडीमार, माली आदि जातिले यसलाई मातृभाषाको रूपमा बोल्छन् भने पहाडी मूलका तराईवासी नेपालीहरूले यसलाई सम्पर्कको भाषाको रूपमा प्रयोग गर्छन् ।

अवधी भाषा भारोपेली परिवारको शतम् शाखा अन्तर्गत पर्दछ । यो मुख्यरूपमा देवनागरी लिपिमा लेखिन्छ । भारोपेली परिवारको भाषा भएकाले यस भाषाको अन्य सजातीय हिन्दी, नेपाली, मैथली, भोजपुरी, थारु आदिसँग निकट सम्बन्ध रहेको छ ।

## २.४ अवधी भाषाका प्रवृत्तिगत विशेषताहरू

अवधी भाषा संरचनात्मक रूपमा नेपालीभन्दा हिन्दीसँग निकट रहेको भाषा हो । यस भाषा समुदायका सदस्यहरू भारतको हिन्दी भाषी समुदायसँग सांस्कृतिक एवम् धार्मिक रूपमा प्रत्यक्ष गाँसिएकाले पनि हिन्दीको प्रभाव पर्नु स्वाभाविक हुन जान्छ । तथापि यसलाई हिन्दीको कुनै एक क्षेत्रीय भाषिका भेद नमानेर स्वतन्त्र भाषा मानिन्छ ।

कुनै पनि भाषाको आ–आफ्नो मौलिक संरचनागत वैशिष्ट्य हुन्छन् । तिनै भेदक संरचनात्मक गुणबाट भाषाको अलग पहिचान कायम हुन्छ । अवधी भाषाको

विशेषताहरूलाई डा. ज्ञानशङ्कर पाण्डेयले आफ्नो पुस्तक **अवधी भाषा और साहित्यका आलोनात्मक इतिहास**मा हिन्दीसँग तुलना गरी देखाएका छन् । तिनका अनुसार अवधी भाषाका निम्नलिखित विशेषता रहेका छन् :

### २.४.१ ध्वनिसम्बन्धी विशेषता

(क) असमान स्वरनजिक रहेको द्विस्वर दुईवटा एकल स्वरवर्णमा बदलिन्छन् ।

| **अवधी** | **हिन्दी** |
| --- | --- |
| पइसा | पैसा |
| झउवा | झौवा |
| गइया | गैया |
| हउवा | हौवा |

(ख) 'ल' ध्वनि प्रायः 'र' हुन्छ र कहिलेकाहीँ 'ड' पनि हुन्छ ।

| **अवधी** | **हिन्दी** |
| --- | --- |
| तरवार | तलवार |
| लरिका | लडका |
| डारि | डाल |

(ग) संस्कृतको सङ्घर्षी वर्ण 'ष' 'ख' बदलिन्छ र तालव्य 'श' 'स' मा बदलिन्छ ।

| **अवधी** | **हिन्दी** |
| --- | --- |
| भेष | वेश |
| हरख | हर्ष |
| सीतल | शीतल |

(घ) संस्कृतको निहित 'ण' ध्वनि 'न' मा बदलिन्छ ।

| **अवधी** | **हिन्दी** |
|---|---|
| रावन | रावण |
| वान | वाण |

## २.४.२ पद सम्बन्धी विशेषता

नामवाचक/संज्ञावाचक पदहरूका ह्रस्व, दीर्घ र अतिदीर्घ गरी तीन रूप हुन्छ । यद्यपि यी परस्पर स्थापन्न पनि हुन सक्छन् ।

| **ह्रस्व** | **दीर्घ** | **अतिदीर्घ** |
|---|---|---|
| लरिका | लरिकवा | लरिकौना |
| लोटा | लोटवा | लौटौना |
| ठग | ठगवा | ठगौना |

सर्वनाम र विशेषण रूपहरूको ह्रस्वान्त हुने गर्छ ।

| **अवधी** | **हिन्दी** |
|---|---|
| छोट | छोटा |
| मोट | मोटा |

यिनी उपयुक्त विशेषताका साथै अवधी भाषाका आफ्नै शब्दभण्डार रहेको छ । नेपालीमा र अवधीमा थोरै मात्र वर्ण विन्यास फरक भएका शब्दहरूको उच्चारणमा प्रायः अवधी मातृभाषी विद्यार्थीले त्रुटि गरेको भेटिन्छ । ती केही शब्दहरू यस्ता रहेका छन् :

| **नेपाली** | **अवधी** |
| --- | --- |
| भैँसी | भैँस |
| कोदाली | कुदार |
| तिहार | त्योहार |
| कपाल | बाल |
| आँखा | आँख |
| गाई | गाय |
| छोरी | विटिया |

# अध्याय तीन

# सस्वरपठन क्षमताको सैद्धान्तिक अवधारणा

## ३.१ परिचय

लिखित सामग्रीलाई अरुले सुनेर बुझ्ने गरी कथ्य भाषाको ढङ्ग, ढाँचाअनुसार आवाज निकाली पढ्नु सस्वर पठन हो । यसमा लिखित सामग्रीको बोधका साथै श्रोता र शब्दोच्चारणको महत्त्वपूर्ण स्थान हुन्छ । सस्वर पठनले लिखित सामग्रीलाई मौखिक रूपमा बदल्ने काम गर्छ । सस्वर पढाइद्वारा लिपिचिह्नहरूलाई सस्वरता दिनुका साथै उच्चारणमा हुने गल्तीहरूको परिष्कार एवम् बोलाइका विभिन्न सीपहरूको विकास गर्नमा समेत मद्दत मिल्छ ।

पठन भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई पाठकले मस्तिष्कद्वारा सङ्गठित गर्ने सीप हो । त्यसै पढाइ ज्ञानात्मक पक्षसँग सम्बन्धित हुन्छ । त्यसैगरी पढाइद्वारा लिखित सामग्री बुझ्नुका साथै बुझाउने क्षमताको प्राप्ति हुन्छ । पठन एक जटिल प्रक्रिया हो । यस अन्तर्गत आँखा तथा मस्तिष्कको संलग्नता, दृश्यात्मक तथा लिपिबद्ध अक्षर, शब्द, वाक्यलाई आपसमा पहिचान, संयोजन विभेदीकरण आदि गरेर उच्चार्य र दृश्य प्रतीकका प्रक्रिया हो । यसद्वारा विद्यार्थीले अक्षर, शब्द, पद, पदावली, वाक्य पहिचान गर्नु, अनुभवका आधारमा अर्थबोध गर्छ । त्यति मात्र नभएर त्यसप्रति पाठकले प्रतिक्रिया समेत जनाउनु पर्छ । यदि त्यसो भएन भने प्रभावकारी पठन भएको मान्न सकिन्न । पढाइका क्रममा उक्त पहिचान, सङ्गठन र अर्थ्याई जति प्रभावकारी ढङ्गले चल्छ त्यति पढाइ राम्रो हुन्छ । त्यसैले पठन सन्तुलित हुनुपर्छ जसको लागि पाठकले गति, यति, चिह्न आदिको ख्याल गर्नुपर्छ ।

लिपिबद्ध अभिव्यक्तिलाई पाठकद्वारा वैचारिक बिम्बमा परिणत गर्ने प्रक्रिया पढाइ भएकाले यो पाठक र लेखकबीचको वैचारिक अन्तर्क्रिया हो । पढाइका

माध्यमद्वारा ज्ञानको विकास पनि हुन्छ । त्यस्तै मनोरञ्जनको महत्त्वपूर्ण उपाय पनि पढाइ हो ।

सस्वर पठनमा लिखित सामग्रीको बोधका साथै श्रोता र शब्दोच्चारणको महत्त्वपूर्ण स्थान हुन्छ । लिखित सामग्रीलाई मौखिक रूपमा बदल्ने काम सस्वर पठनको हो । यसका लागि उच्चारण क्षमतामा ध्यान दिनु अत्यावश्यक हुन्छ ।

सस्वर पठन पढाइ सीप विकासको प्रारम्भिक चरण पनि हो । पठाएको प्रारम्भिक चरणमा शिक्षार्थीहरूमा ध्वनि प्रतीकका रूपमा लिपिमा प्रयुक्त अक्षर वा वर्णलाई उच्चार्य रूपमा परिणत गर्ने प्रयास हुन्छ । शिक्षार्थीहरू विस्तारै वर्णोच्चारण, शब्दोच्चारण गर्दै विभिन्न वाक्य अनुच्छेद वा समग्र पाठलाई नै पढ्न सक्षम हुन्छन् । सस्वर पठन गर्न सक्षम भएपछि मात्र मौन पठन लगायत अन्य पठन गर्न सक्षम हुन्छन् । त्यसैले मौन पठनको पूर्वाधार सस्वर पठन हो ।

पाठकले लिखित सामग्रीलाई उच्चारण गरेर त्यसमा व्यक्त भाव अरुलाई पनि बुझाउने किसिमको भावाभिव्यक्ति प्रणाली अपनाउने प्रयास गर्छ । लिखित सामग्रीमा जस्ताको तस्तै लिपिबद्ध गर्न नसकिएका र प्रसङ्गवश अनुकूल स्थितिमा मात्र व्यक्त गर्न सकिने बोलीका सूक्ष्मतम भावलाई सँगालेर सशक्त अभिव्यक्ति दिई श्रोताको ध्यान आकर्षित गर्न सक्ने गरी पढ्नु सस्वर पठनको उच्चतम प्रयोजन हो । बोलाइमा जति स्वतन्त्र किसिमले भावाभिव्यक्त गर्छ सस्वर पठनमा पाठकको आफूलाई लिखित सामग्रीमा केन्द्रित गराउनु पर्छ र त्यसका भावानुकूल उच्चतम प्रभाव कविता दिनु वाञ्छनीय हुन्छ । जस्तो कविता, कथा, नाटक, संवाद आदि विधालाई सस्वर पढ्दा ती विधामा व्यक्त भावलाई भावानुकूल बनाउन कोसिस गरिन्छ र पाठकले श्रोतालाई ध्यान दिएर पढ्नु पर्छ ।

सस्वर पठनको विकास विद्यार्थीहरूलाई औपचारिक रूपमा प्रारम्भिक तहबाट सुरु गरिन्छ । यस तहमा लिखित सामग्रीको अर्थ ग्रहण गर्ने क्षमताको विकासका लागि उच्चार्य ध्वनिका प्रतीक लिपि चिह्नहरूलाई अक्षर, शब्द एवम् वाक्यका स्तरमा

उच्चारण गर्न लगाई लिपि चिह्नहरूलाई ध्वनि प्रतीकका रूपमा स्थिर गराउने पहिचानात्मक कार्यकलाप बनाउनु पर्ने हुन्छ ।

अतः लिपिबद्ध सामग्रीलाई विधाहरूको प्रवृत्ति अनुसार गति, यति, लय, स्वर, प्रसारण, आरोह अवरोह मिलाएर अरुले सुनेर बुझ्ने गरी प्रसङ्ग र भावानुकूल आवश्यक हाउभाउ सहित पढ्नु, सस्वर पठन हो । जुन प्रारम्भिक तहका लागि अत्यावश्यक हुन्छ भने माथिल्ला कक्षाका लागि पूर्वाधार हो, कुशल वक्ता बन्नका लागि चाहिने अनिवार्य तत्त्व हो, पठन सीप मात्र नभएर भाषा शिक्षणकै एक अभिन्न अङ्ग हो ।

पठन सीपलाई अझ स्पष्टसँग बुझ्न निम्न विद्वान्हरूको परिभाषालाई लिन सकिन्छ :

चाकोका अनुसार : “पढ्नु सिक्नु भनेको हिँड्न सिक्नु हो, कागजमा छापिएको शब्द पहिलोपल्ट चिन्यो भन्दै पठन सुरु भएको मानिँदैन । जब कि पहिलो शब्द उच्चारण गर्दा बोल्न सुरु गऱ्यो भन्ने मानिन्छ ।”

मोहिलका अनुसार : “पठन बोधमा स्पष्टता र सम्पूर्णताको साथै अर्थको महत्त्वपूर्ण तत्त्वहरूको बीचमा आवश्यकीय सम्बन्धको पहिचान गर्न सक्नु नै पठन सीप हो ।”

स्ट्रेन्जका अनुसार : “सस्वर पढाइले व्यक्तिलाई त्यस्तो अनुभव प्रदान गर्छ जसका माध्यमद्वारा उसले आफ्नो क्षितिजलाई बढाउँछ । परिचयलाई फराकिलो पार्छ, आफ्ना चाहनालाई विस्तार गर्छ, आफूलाई गहिराइमा गएर बुझ्छ, यति मात्र नभएर सारा भावनालाई बुझ्छ अनि संसारलाई नियाल्छ ।”

उपयुक्त भनाइबाट प्रस्ट हुन्छ कि पठन स्पष्ट र अर्थपूर्णतवरले पढेर अरुलाई बुझाउनुका साथै आफ्नो ज्ञानको क्षितिज बढाएर स्थापित गर्नु हो र आफूलाई बुझ्ने र संसारलाई चिन्ने अवसर हो । त्यसैले अवधी भाषी विद्यार्थीहरूमा सस्वर पठन क्षमता अध्ययनलाई पढाइको एक मुख्य पक्षको रूपमा लिई सस्वर पठनको अवधारणा सोही तहमा केन्द्रित रहेर अध्ययन गरिएको छ ।

## ३.२ सस्वर पठन अध्ययनका प्रमुख आधारहरू

पठन सीपलाई जीवित र प्रभावकारी तुल्याई राख्ने महत्त्वपूर्ण तत्त्वका रूपमा सस्वर पठन अध्ययनका केही उपयोगी आधारहरू निम्नलिखित छन् :

### ३.२.१ गति र यति

आवश्यकता तथा स्वाभाविकता अनुकूल छिटोछिटो पढ्नु गति हो र पढ्दा शब्द शब्द छुट्याएर आवश्यक ठाउँमा पढाइको स्वाभाविकतालाई खज्मजिन नदिई पढ्नु यति हो । त्यसैगरी शुद्ध र स्पष्ट हुनुका साथै वर्ण शब्द आदिको सही उच्चारण पनि अनिवार्य हुन्छ । यसका साथै शब्दभित्रका अक्षर सीमाको पनि ख्याल गरिनु पर्छ ।

### ३.२.२ हाउभाउ तथा अभिनय

लिपिबद्ध सामग्रीबाट मात्र श्रोताले सम्पूर्ण भाव नबुझ्न सक्छ । त्यसैले कतिपय कुरा हाउभाउ अभिनयद्वारा पनि बोध गर्ने किसिमका हुन्छन् । विधि अनुसार हाउभाउपूर्ण अभिव्यक्ति, भाव अनुकूल मुखमुद्रा मिलाएर पठन गर्दा पढाइ उपयोगीका साथै चीरस्थायी पनि हुन्छ । साथै पठनपाठनमा रोचकता प्रदान गर्छ । त्यसेले सस्वर पठनमा पाठकको हाउभाउ तथा अभिनयको अत्यन्त अवाश्यक छ ।

### ३.२.३ चिह्नहरूको उचित प्रयोग

लिपिबद्ध सामग्रीमा विभिन्न प्रकारका चिह्नहरूको प्रयोग गरिएको हुन्छ । लेख्य सामग्रीमा प्रयोग हुने पूर्णविराम, सापेक्षविराम, विस्मयादिबोधक, प्रश्न चिह्न आदि चिह्नअहरूको आ–आफ्नै महत्त्व र भूमिका रहेको हुन्छ । चिह्नअहरूको प्रयोग अनुसारको पठनको कार्य भएन भने त्यस्तो पढाइले अर्थमा समेत प्रभाव पार्छ । तसर्थ भाषाको आवश्यकता र स्वाभिन्नता अनुसार चिह्नको प्रयोगमा ध्यान दिनुपर्छ ।

### ३.२.४ आघात लय र स्वरप्रसारण

कुनै अक्षर वा शब्दलाई अर्थको जोड अनुसार जोड दिई बोल्नु वा पढ्नुलाई आघात भनिन्छ । वाक्यमा प्रयुक्त शब्दहरूमा कुनै शब्दको अर्थलाई बढी जोड दिनु छ भने त्यो शब्दमा जोड दिएर भन्ने गर्छौं । त्यस्तै लयबाट छुट्टै अर्थबोध नभए पनि कुनै कुरामा भाव अनुसार मधुरता एवम् दयालुपनको अभिव्यक्ति दिनमा बोलमिा लयदार बढाउन सकिन्छ ।

स्वरप्रसारण वक्ताका विभिन्न अभिप्राय व्यक्त गर्न यसको उपयोग भएकाले स्वरप्रसारणमा अर्थ भेदन्नता रहेको स्पष्ट हुन्छ । वक्ताको बोलीमा आरोह अवरोह नै स्वरप्रसारण हो ।

उपर्युक्त आधारबाहेक स्वर पठनमा विधाको ख्याल बोधगम्यता, पदयोग र पदवियोग, उच्चारण शब्द र वाक्यको पुनरावृत्ति आदिको उपयुक्त र प्रभावकारी प्रयोग हुनु जरुरी छ ।

## ३.३ स्वर पठन अध्ययनमा प्रभाव पार्ने प्रमुख तत्त्वहरू

सस्वर पठनमा विभिन्न तत्त्वहरूले प्रभाव पारिरहेको हुन्छ । बालबालिकाहरू कुनै न कुनै रूपबाट प्रभावित नभई कुनै पनि सीप विकास गर्न सक्दैनन् । यस्ता कुनै तत्त्वहरूको कमी वा असन्तुलनका कारणले गर्दा विद्यार्थीको पढाइमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । ती कारणमध्ये प्रमुख तत्त्वहरू निम्नलिखित छन् :

### ३.३.१ वातावरण

वातावरण सस्वर पठनको विकासमा प्रभाव पार्ने महत्त्वपूर्ण तत्त्व हो । त्यसैले पठनसीपको अभ्यास गराउँदा वातावरणतर्फ विशेष ध्यान दिनु पर्छ । प्रत्येक समाजका बालबालिकाहरू आफ्नो घरपरिवार, साथीसंगी, छरछिमेकी विद्यालय आदि वातावरणबाट प्रभावित हुन्छन् । उसको बोल्ने क्षमताको विकास पनि वातावरणबाटै

सुरुवात हुन्छ, त्यसमा पनि नेपाल एक बहुभाषिक मुलुक भएको र फरक–फरक जातका मानिसले फरक फरक भाषाको प्रयोग गर्ने हुँदा उसको भाषिक वातावरण कस्तो छ त्यसको प्रभाव उसको पठनपाठनमा पनि गर्छ । घरपरिवार, गाउँ, समाज र समुदायका विभिन्न क्षेत्रमा बोलिन अलग–अलग भाषाको प्रभाव व्यक्तिमा पर्ने हुँदा जुन प्रकारको वातावरणमा हुर्कँदै जान्छ त्यसै प्रकारको व्यवहार उसमा विकास हुँदै जान्छ । विद्यार्थीको सस्वर पठन विकासमा सामाजिक, सांस्कृतिक तथा विद्यालयीय प्रभाव पर्छ ।

### ३.३.२ शारीरिक तथा मानसिक अवस्था

सस्वर पठनको अध्ययनमा प्रभाव पार्ने प्रमुख तत्त्व शारीरिक तथा अवस्था पनि हो । विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठीक भएने भने अथवा मानसिक अवस्था कमजोर भएमा सिलसिलाबद्ध नभई सामग्रीमा व्यक्त विचार र पढाइ अर्कातिर हुन जान्छ, जसले गर्दा पठनसीपको विकासको साथसाथै अन्य भाषिक विकासमा नराम्रो असर पर्छ । उच्चारण अनुभवमा देखिने विभिन्न कमीकमजोरीका कारणले गर्दा बालबालिकाहरू लिपिबद्ध सामग्रीलाई गति–यति, लय, सुर, आघात आदि मिलाई उपयुक्त चेष्टा एवम् हाउभाउपूर्ण तरिकाले पढ्न असक्षम हुने हुनाले त्यसतर्फ ध्यान दिनु आवश्यक छ ठानिन्छ ।

### ३.३.३ भाषिक भेद

विद्यार्थीको सस्वर पठनमा प्रभाव पार्ने तत्त्व भाषिक भेद पनि एक हो । बालबालिकामा सामाजिक, सांस्कृतिक, राजनैतिक, भौगोलिक विभिन्नताले गर्दा एउटै भाषा बोल्ने व्यक्तिहरूमा विभिन्न भाषिक भेदको विकास हुन्छ । हरेक भाषामा उच्चारण व्यवस्था, शब्दरचना, वाक्यगठन र अर्थतत्त्व सम्बन्धी आ–आफ्नै विशेषता हुन्छन् । यस्ता विशेषताहरू कतिपय भाषा मिल्दा जुल्दा हुन्छन् भने कतिपय बिल्कुलै

अमिल्दा हुन्छन् जसले गर्दा पठनसीप विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ ।

### ३.३.४ अभिरुचि

सस्वर पठनलाई उपयुक्त र अनुपयुक्त बनाउन अभिरुचिको महत्त्वपूर्ण भूमिका हुन्छ । अभिरुचि बिनाको जुनसुकै अध्ययन उपलब्धिविहीन हुन्छ र अभिरुचि सहितको अध्ययनले पढाइसम्बन्धी देखापर्ने केही समस्याहरू आफैँ समाधान नभएर जान्छन् । यदि विद्यार्थी सिकाइप्रतिको शारीरिक तथा मानसिक रूपले तत्पर छ भने पढाइमा अभिरुचि जागृत भई पठन सबल र सार्थक हुन्छ । जसका लागि अभिरुचिपूर्ण ढङ्गले पढ्नु पर्ने हुन्छ । त्यसैले सस्वर पठन अध्ययनको विकासमा अभिरुचिले गर्दा हुने सकारात्मक प्रभावलाई जोड दिँदै नकारात्मक प्रभावको निराकरणतर्फ ध्यान दिनुपर्छ ।

सस्वर पठन सम्बन्धी प्रभाव पार्ने तत्त्वका आधारमा चर्चा गर्दा के कुरामा स्पष्टताका साथ भन्न सकिन्छ भने बालबालिकाहरूमा सस्वर पठनको विकासका क्रममा शैक्षिक वातावरण, शारीरिक, मानसिक अवस्था, भाषिक परिवेश, बालकको संवेगात्मक स्थिति र अभिरुचि आदिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छन् । वातावरण लगायत अन्य तत्त्वका प्रभावले गर्दा बालबालिकाको पढाइमा सरलता वा जटिलता उत्पन्न भई पढाइको विकास हुने तथा नहुने भन्ने कुराको अड्कल गर्न सकिन्छ । बालबालिकाको पढ्ने वातावरण राम्रो छ भने पढाइ प्रभावकारी हुन्छ र वातावरण खराब छ भने पढाइमा नकारात्मक प्रभाव पर्छ । त्यसैले सस्वर पठनको अध्ययनमा प्रभाव पार्ने तत्त्वको पहिचान गरी विद्यार्थीहरूमा सस्वर पठनतर्फ अभिरुचि राख्न प्रेरित गर्नु आवश्यक छ ।

# अध्याय चार

# सस्वर पठन क्षमतासम्बन्धी व्याख्या र विश्लेषण

## विषयप्रवेश

अवधी भाषी विद्यार्थीहरूको सस्वर पठन क्षमता पहिल्याउन सस्वर पठनमा विभिन्न आधारसँग सम्बन्धित फाराम बनाई उक्त फाराम भरी उनीहरूको सस्वर पठन क्षमता जाँच गरिएको छ ।

सस्वर पठन क्षमता जाँच गर्नको लागि गति–यति मिलाएर पठन गर्ने क्षमता, विराम चिह्न प्रयोग गरेर पठन गर्ने क्षमता, हाउभाउ मिलाएर पठन गर्ने क्षमता, विधाअनुसार भावााअभिव्यक्ति गर्ने क्षमता, सुरलय, आघात मिलाएर पठन गर्ने क्षमता र सस्वर पठनलाई बोध गर्ने क्षमता आदिलाई आधार मानेर सस्वर पठन क्षमता अध्ययन गरिएको छ । विद्यर्थीहरूलाई पठनको स्वर अनुसार अत्युत्तम, उत्तम, मध्यम र निम्न गरी ४ तहमा छुट्याइएको छ । विद्यार्थीहरूको स्तर छुट्याउँदा ०–२५ प्रतिशत भन्दा कम त्रुटि गर्नेलाई अत्युत्तम, २५–५० प्रतिशत गल्ती गर्नेलाई उत्तम, ५०–७५ प्रतिशतसम्म गल्ती गर्नेलाई मध्यम र ७५ प्रतिशत भन्दा बढी गर्नेलाई निम्न श्रेणीमा राखी स्तर निर्धारण गरिएको छ ।

यसरी परीक्षण गरेर अध्ययन गरिएको कार्यकलापलाई छुट्टाछुट्टै तालिका निर्माण गरी देखाइएको छ । प्रत्येक आधारलाई सस्वर वाचनको स्तर छुट्याई अत्युत्तम, उत्तम, मध्यम र निम्नका रूपमा छुट्टाछुट्टै विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा देखाइएको छ ।

## ४.१ गति–यतिका दृष्टिले सस्वर पठनको विश्लेषण

सस्वर पठनमा गति–यति र लय राम्रो सन्तुलन हुनु आवश्यक हुन्छ । पढ्दा अरुले सुन्ने गरी मात्र नभएर गति–यतिको पनि ख्याल गर्नुपर्छ । गति–यतिले पढाइमा

आवश्यक पर्ने वेग र रोकावटलाई सङ्केत गर्ने भएकाले विद्यार्थीहरूलाई प्रारम्भिक तहदेखि नै सस्वर पठन अध्ययन गराउनु प्रभावकारी ठहरिन्छ ।

विद्यार्थीहरूलाई सस्वर वाचन गराउँदा देखाइएका प्रतिक्रिया तलको तालिकामा देखाइएको छ :

**तालिका ४.१**

**विद्यार्थीहरूलाई सस्वर वाचन गराउँदा देखिएका प्रतिक्रिया**

| क्र.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्युत्तम | ८ | १३.२५ |
| २ | उत्तम | १३ | २१.७५ |
| ३ | मध्यम | २२ | ३६.७५ |
| ४ | निम्न | १७ | २८.३५ |
| | जम्मा | ६० | १०० |

कक्षा ७ मा अध्ययनरत ६० जना विद्यार्थीहरूमा गरिएको गति–यति सम्बन्धी परीक्षणमा अत्युत्तममा १३.२५ प्रतिशत, उत्तममा २१.७५ प्रतिशत विद्यार्थीहरू देखिए भने मध्यममा ३६.७५ प्रतिशत र निम्नमा २८.३५ प्रतिशत देखिएकाले मताङ्कको स्तर त्यति राम्रो देखिँदैन । मध्यम र निम्न स्तरमा विद्यार्थीहरूको बाहुल्यता देखिएकाले तिनीहरूलाई सुधार गरी पढाउनु पर्ने देखिन्छ ।

## ४.२ सस्वर पठनमा चिह्न प्रयोग सम्बन्धी विश्लेषण

सस्वर पठनलाई मौखिक अभिव्यक्ति सरह आरोह, अवरोह र गति–यति अनुसार लिखित अभिव्यक्तिमा पनि प्रयोग र सन्दर्भ अनुसार अभिव्यक्ति आवश्यक पर्छ ।

त्यसका लागि लिखित अभिव्यक्तिमा उचित चिह्नहरूको प्रयोग गरिन्छ । प्रत्येक चिह्नले आ–आफ्नै भूमिका निर्वाह गर्छन् । यदि चिह्नको प्रयोग गरिएन भने अर्थको अनर्थ हुने सम्भावना हुन्छ । एउटै वाक्यलाई पनि फरक–फरक चिह्न प्रयोग गरी फरक अर्थमा प्रस्तुत गर्न सकिन्छ । त्यसैले विभिन्न विधा र त्यसको भावअनुसार चिह्नहरू प्रयोग हुनु अति आवश्यक हुन्छ ।

यस अध्ययनमा मुख्यगरी पूर्णविराम ( । ), प्रश्न चिह्न ( ? ), अल्पविराम ( , ), उद्धर चिह्न ( ‘ ’ ), विस्मयादिबोधक चिह्न ( ! ) आदिको प्रयोग गरी परीक्षण गरिएको छ ।

चिह्न प्रयोग सम्बन्धी विद्यार्थीहरूको प्रतिक्रियाबाट आएको परिणाम निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका ४.२**

**चिह्न प्रयोग सम्बन्धी विश्लेषण**

| क.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्युत्तम | ५ | ८.२५ |
| २ | उत्तम | ८ | १३.२५ |
| ३ | मध्यम | २८ | ४६.७५ |
| ४ | निम्न | १९ | ३१.७५ |
| | जम्मा | ६० | १०० |

चिह्न प्रयोग सम्बन्धी गरिएको अध्ययनमा माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने अत्युत्तम अर्थात् सही रूपमा चिह्नहरू प्रयोग गरेर सस्वर पठन गर्ने विद्यार्थीहरू

८.२५ प्रतिशत रहेका छन् । त्यसैगरी १३.७५ प्रतिशत विद्यार्थीहरूले उत्तम किसिमले सस्वर पठन गरे । ठीकठीकै चिह्न प्रयोग गरेर पठन गर्नेहरू ४६ प्रतिशत रहेका छन् भने निम्न अर्थात् चिह्नको सही प्रयोग गर्न नसक्नेहरूको सङ्ख्या ३१.७५ प्रतिशत रहेको छ ।

उपयुक्त पठनमा चिह्न राम्रोसँग गर्नेहरूको सङ्ख्या ज्यादै न्यून र ठीकै गर्नेको सङ्ख्या पनि न्यून रहेको छ भने अलि अलि मात्र सक्नेको सङ्ख्या ज्यादै धेरै रहेको पाइयो भने जान्दै नजान्ने पनि धेरै नै पाइयो । यो हुनुको कारण विद्यालयमा शिक्षकले उचित किसिमले स्वर वाचन नगराउनु र भाषा शिक्षण सम्बन्धी विशिष्ट ज्ञान नभएका शिक्षकहरूको कारणले गर्दा हो भन्ने बुझियो ।

## ४.३ हाउभाउ र अभिनय सम्बन्धी विश्लेषण

सस्वर पठन गर्दा अरुले सुन्नेगरी हाउभाउ तथा अभिनयात्मक ढङ्गले वाचन गर्नुपर्छ । पाठको प्रकृति हेरेर गति–यति लय र विराम चिह्नको सही किसिमको अभिनयात्मक तरिकाले मुख मुद्रा, अङ्ग प्रदर्शन आदिको सन्तुलन मिलाई प्रस्तुत गर्दा पढाइ जीवन्त हुन्छ । यसै कुरालाई आधार मानेर अवधी भाषी विद्यार्थीहरूको हाउभाउ तथा अभिनय सम्बन्धी प्रतिक्रियालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका ४.३**

**हाउभाउ र अभिनय सम्बन्धी विश्लेषण**

| क्र.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्युत्तम | ८ | १३.२५ |
| २ | उत्तम | ११ | १८.२५ |
| ३ | मध्यम | २७ | ४५.०० |
| ४ | निम्न | १४ | २३.२५ |
| | जम्मा | ६० | १०० |

उपर्युक्त शीर्षकका आधारमा विश्लेषण गर्दा के परिणाम देखियो भने विद्यार्थीहरूको प्रकृति अनुसार हाउभाउ तथा अभिनयको माध्यमबाट उत्कृष्ट पठन गर्नेहरू १३.२५ प्रतिशत, त्यसैगरी उत्तम १८.२५ प्रतिशत, मध्यमस्तरमा ४५ प्रतिशत देखिए भने निम्न स्तरमा वा सस्वर वाचनमा अति कमजोर देखिएका विद्यार्थीहरू २३.२५ प्रतिशत रहेका देखिए । यस स्तरको विद्यार्थीहरूले एकदमै कम मात्रामा हाउभाउ पूर्ण पठन गरे ।

यसबाट के स्पष्ट हुन्छ भने सस्वर पठन गराउँदा विद्यार्थीहरूलाई समान किसिमले गराएको पाइएन । शिक्षकले प्रभावकारी तरिकाले सस्वर पठन नगराएको बुझिन्छ ।

## ४.४ विधाअनुसार भावाभिव्यक्ति

सस्वर पठन कार्यमा विभिन्न लिखित विधाअनुसारको भावाभिव्यक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सबै पाठ्यवस्तुको निर्माण विभिन्न विधाहरूमा विभाजित गरेर छनोट गरिएको हुन्छ । सस्वर पठनमा विधाअनुसारको भाव हुन्छ र हुनुपर्छ । यी विविध विधाहरू कविता, कथा, निबन्ध, प्रबन्ध आदिको प्रभावपूर्ण तरिकाले वाचन गरेमा भन्न खोजेका कुरा अझ स्पष्ट र आनन्दपूर्ण हुन्छ र पठन दीर्घकालीन हुन्छ ।

प्रस्तुत शीर्षकमा आधारित भएर अवधी भाषी विद्यार्थीहरूलाई सस्वर पठन गराउँदा दिएका प्रतिक्रिया तलको तालिकामा स्पष्ट पारिएको छ :

**तालिका ४.४**

**भावाभिव्यक्तिअनुसार सस्वर पठन गराउँदा प्राप्त प्रतिक्रिया**

| क्र.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्युत्तम | ८ | १३.२५ |
| २ | उत्तम | १३ | २१.७५ |
| ३ | मध्यम | २४ | ४०.०० |
| ४ | निम्न | १५ | २५.०० |
| | जम्मा | ६० | १०० |

उपर्युक्त तालिकाबाट कक्षा ७ मा अध्ययनरत अवधी भाषी विद्यार्थीहरूको विधाअनुसारको भावाभिव्यक्ति स्पष्ट हुन्छ । अध्ययन अनुसार अत्युत्तममा १३.२५ प्रतिशत, उत्तममा २१.७५ प्रतिशत, मध्यममा सबैभन्दा बढी ४० प्रतिशत र निम्नमा २५ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

विधाअनुसारको भावाभिव्यक्तिबाट के स्पष्ट हुन्छ भने अवधी भाषी विद्यार्थीहरू राम्रोसँग विधाअनुसार पठन गर्ने एकदम कम छन् भने मध्यम अर्थात् अलिअलि मात्र ठीमा सबैभन्दा धेरै देखिए भने कत्ति पनि नजान्ने अर्थात् निम्नमा २५ प्रतिशत विद्यार्थी रहेका छन् । यसरी पठन क्षमता असमान हुनुमा नेपाली भाषा शिक्षकले प्रभावकारी तरिकाले पठन पाठन नगराउनु र नेपाली भाषा शिक्षण सम्बन्धी ज्ञान नभएका शिक्षकहरूले अध्यापन गराउँदा भएको हो भन्ने बुझियो । विद्यार्थीहरूलाई समान किसिमले ध्यान नदिएको पनि बुझिन्छ ।

## ४.५ सुर, लय र अघात सम्बन्धी अध्ययन

सस्वर पठनमा अरुले बुझ्ने गरी पढ्नुका साथै सुर, लय र आघातलाई पनि राम्रोसँग ख्याल गर्नुपर्छ । लिखित सामग्रीको पठन गर्दा कसरी शुद्ध उच्चारण गर्ने, कहाँ लय हाल्ने, कहाँ जोड दिने र कहाँ नदिने आदि कुरालाई ख्याल गर्नुपर्छ । सुर, लय आदिले पढाइ रुचिपूर्ण हुनुका साथै प्रभावकारी पनि बन्न पुग्छ । सुरको आरोह र अवरोहका कारणले अभिव्यक्ति कलात्मक बनी मनोरञ्जनात्मक शिक्षण हुन्छ र श्रोतालाई पनि आनन्द प्राप्त हुन्छ ।

यहाँ अवधी भाषी विद्यार्थीलाई सुर, लय र आघात सम्बन्धी आधारमा पठन गराउँदा आएको प्रतिक्रिया तलको तालिकामा स्पष्ट पारिएको छ :

**तालिका ४.५**

**सुर, लय र आघातसम्बन्धी अध्ययन**

| क्र.सं. | स्तर | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्युत्तम | ५ | ८.२५ |
| २ | उत्तम | १६ | २६.७५ |
| ३ | मध्यम | २४ | ४१.७५ |
| ४ | निम्न | १४ | २३.२५ |
| | जम्मा | ६० | १०० |

उपर्युक्त सुर, लय र आघात सम्बन्धी अध्ययन गर्दा अत्युत्तममा ८.२५ प्रतिशत, २६.७५ प्रतिशत उत्तम, ४१.७५ मध्यम प्रतिशत र २३.२५ प्रतिशत विद्यार्थीहरूको सस्वर पठन निम्न स्तर रहेको पाइयो ।

माथिको अध्ययनबाट के प्रस्ट हुन्छ भने अन्य अध्ययनमा जस्तै यसमा पनि विद्यर्थीहरूको खासै सन्तुष्टिपूर्ण प्रतिक्रिया पाइँदैन । शिक्षकको कम सक्रियता र विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली सिक्ने भएकाले गर्दा दोस्रोभाषी विद्यार्थीहरूमा सस्वर पठनमा समस्या आएको बुझिन्छ ।

## ४.६ सारांश

अवधी भाषी विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन गर्नको लागि सस्वर पठनका आधारहरू गति.–यतिका दृष्टिले सस्वर पठनको विश्लेषण, सस्वर पठन सम्बन्धी चिह्नको प्रयोग सम्बन्धी विश्लेषण, हाउभाउ र अभिनय सम्बन्धी विश्लेषण, विधा अनुसार भावाभिव्यक्ति, सुर, लय, आघात सम्बन्धी अध्ययन बोधगम्यता आदिलाई राखिएको छ ।

गति–यति लयका दृष्टिले मध्यम स्तरको सस्वर पठन गर्ने विद्यार्थीको सङ्ख्या बढी भएको पाइयो । यसमा मध्यम स्तरमा ३६.७५ प्रतिशत विद्यार्थी रहेका छन् भने त्यसपछि, क्रमशः निम्न स्तरमा २८.२५ प्रतिशत, उत्तम स्तरमा २१.७५ प्रतिशत र अत्युत्तममा सबभन्दा कम १५.२५ प्रतिशत विद्यार्थी रहेको पाइयो । चिह्न प्रयोगसँग सम्बन्धी सबैभन्दा बढी मध्यम स्तरमा ४६.७५ प्रतिशत विद्यार्थी पाइयो भने क्रमशः निम्न स्तरमा ३१.७५ प्रतिशत, उत्तम स्तरमा १३.२५ प्रतिशत र अतिउत्तम स्तरमा ८.२५ प्रतिशत सबैभन्दा कम रहेका छन् ।

उपर्युक्त सस्वर पठनका क्रममा विद्यार्थीहरू मध्यम स्तरका धेरै देखिन्छन् र अत्युत्तम र उत्तममा पनि कमै देखिन्छन् । त्यसको कारण के देखियो भने विद्यालयमा सस्वर पठन नगराउनु, भाषा शिक्षक नहुनु, नेपाली शिक्षणलाई कथा, कविता शिक्षण मान्नु र विद्यार्थी केन्द्रित सिकाइ नभएको पाइयो । त्यसैले उपर्युक्त कुराहरूलाई सुधारेमा सस्वर पठनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष र सुझावहरू

भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपमध्ये बोलाइ र पढाइ सीपको आधारभूत सीप हो सस्वर पठन क्षमता । सस्वर पठन सही भएन भने जतिसुकै राम्रो विचार भए पनि अर्थहीन साबित हुन्छ । त्यसैगरी पढाइसीपका विभिन्न प्रकारमध्ये सस्वर पठनका लागि पनि आधारभूत आवश्यकता हो । दोस्रो भाषाका रूपमा नेपाली सिक्नको लागि त झन् सस्वर पठन क्षमताको विकास गर्नु जरुरी हुन्छ । नेपाली भाषा नेपालको राष्ट्रभाषा माध्यम भाषा भए पनि बहुसङ्ख्यक नेपालीले दोस्रो भाषाका रूपमा नेपाली सिकिरहेको अवस्थामा विद्यार्थीहरूले के कस्ता त्रुटि गर्छन् सो पत्ता लागई निराकरण गर्न आवश्यक देखिन्छ । त्यसैले अवधी विद्यार्थीहरूले नेपाली सिक्दा नेपाली भाषाको सस्वर पठन क्षमता के कस्तो छ भनेर अध्ययनको विषय बताइएको छ । त्यसैले यहाँ सस्वर पठन क्षमता अध्ययन गर्नका लागि गति–यति मिलाएर पढन सक्ने क्षमताको अध्ययन, हाउभाउ अभिनय सहित पढ्न सक्ने क्षमता, बोधगम्यताको अध्ययन आदि आधार बनाइएको छ ।

सस्वर पठन क्षमता पत्ता लगाउनको लागि कक्षा ७ को नेपाली किताबमा समाविष्ट कथा, निबन्ध, जीवनी आदि विधालाई आधारमा सस्वर पठन गर्न लगाएर विश्लेषण गरिएको छ ।

सस्वर पठन क्षमताको निष्कर्ष र सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष (सस्वरपठन सम्बन्धी)

बाँके जिल्लाका ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूबाट प्राप्त परिणामका आधारमा व्याख्या र विश्लेषण गरिएको सस्वर पठन क्षमताको अध्ययनमा केही

महत्त्वपूर्ण निष्कर्षहरू निकालिएका छन् जसलाई विस्तृत रूपले निम्नानुसार देखाइएको छ :

(क) सस्वर पठन अन्तर्गत गति–यति र लय सम्बन्धी अध्ययनका लागि प्रत्येक विद्यार्थीहरूलाई छुट्टाछुट्टै सस्वर पठन गराइएको र प्राप्त नतिजालाई अत्युत्तम, उत्तम, मध्यम र निम्न गरी चार स्तरमा श्रेणीकरण गरिएको थियो । यस्तो साङ्ख्यिक परीक्षण परिणामका आधारमा सबैभन्दा कम अत्युत्तम र उत्तममा परेका छन् । अत्युत्तममा १३.०५ प्रतिशत, उत्तममा २१.७५ प्रतिशत, मध्यममा २६.७५ प्रतिशत र निम्नमा २८.२५ प्रतिशत विद्यर्थीहरू देखिएका छन् ।

(ख) चिह्न प्रयोग सम्बन्धी विश्लेषण गर्दा ४ श्रेणीमा विभाजन गरी स्तर निर्धारण गरिएको छ । यसमा हाउभाउ सहित अत्युत्तम सस्वर पठन गर्नेको सङ्ख्या ८.२५ प्रतिशत विद्यार्थी रहेका छन् । उत्तम स्तरमा १३.२५ प्रतिशत, मध्यममा ४६.७५ प्रतिशत रहेका छन् भने निम्न स्तरमा ३१.७५ प्रतिशत रहेका छन् । हाउभाउ सहित सस्वर पठन गर्दा सबैभन्दा धेरै मध्यम स्तरका विद्यार्थीहरू रहेका देखियो भने सबैभन्दा कम अत्युत्तममा परेको देखियो ।

(ग) चिह्नको सही प्रयोग क्षमताको अध्ययन गर्दा अत्युत्तम स्तरमा ८.२५ प्रतिशत, उत्तममा १३.२५ प्रतिशत, मध्यममा ४६.७५ प्रतिशत र निम्न स्तरमा ३१.७५ प्रतिशत विद्यार्थीहरू परेको देखियो । यसमा सबैभन्दा बढी विद्यार्थी मध्यम स्तरका देखिए भने सबैभन्दा कम विद्यार्थी अत्युत्तममा परेका देखिए ।

(घ) विधा अनुसारको भावाभिव्यक्ति गर्ने विद्यार्थीहरूको क्षमता परीक्षण गर्दा अत्युत्तममा १३.२५ प्रतिशत, उत्तममा २१.७५ प्रतिशत, मध्यममा ४० प्रतिशत र निम्नमा २५ प्रतिशत विद्यार्थीहरू देखिए । यस अध्ययनमा

सबैभन्दा बढी विद्यार्थी मध्यम स्तरमा देखिए भने सबैभन्दा कम अत्युत्तम स्तरमा देखिए ।

(ङ) सुर, लय र आघात सम्बन्धी क्षमताको अध्ययन गर्दा अत्युत्तममा ८.२५ प्रतिशत, उत्तममा २६.७५ प्रतिशत, मध्यममा ४१.२५ प्रतिशत र निम्नमा २३.२५ प्रतिशत विद्यार्थीहरू देखिए । यस अध्ययनमा सबैभन्दा बढी विद्यार्थीहरू मध्यममा र सबैभन्दा कम अत्युत्तममा देखिए ।

(च) सस्वर पठनका क्रममा अवधी भाषी विद्यार्थीहरूले गति–यति, हाउभाउ, चिह्नहरूको सही प्रयोग, विधा अनुसारको अभिव्यक्ति र सुर, लय र आघात मिलाएर पठन गर्न उत्कृष्ट तरिकाले सक्षम नभएको देखिन्छ । यसो हुनुको कारण शिक्षकलाई नेपाली भाषा शिक्षण सम्बन्धी ज्ञान नभएको अर्थात् तालिम अप्राप्त शिक्षक भएको, विद्यार्थीलाई अभ्यास नगराएको, सबै विद्यार्थीहरूलाई समान किसिमले नपुऱ्याएको देखिन्छ ।

समग्रमा सस्वर पठनको स्थितिलाई नियाल्दा गति–यतिमा कतै तीव्र गतिमा पढेको, कतै गति विश्राम गरेको पाइयो । विराम चिह्नहरूलाई ख्याल नगरी स्वर प्रसारण र आरोह–अवरोह नमिलाएको, हाउभाउ र अङ्ग पनि उपयुक्त नभएको स्थिति देखिन्छ । सस्वर पठनको क्रममा अध्ययनका लागि प्रयोग गरिएका आधारमा हेर्दा अनुपातिक रूपमा क्रमशः मध्यम, उत्तम, निम्न र अत्युत्तमको स्थिति देखिएको छ । सस्वर पठनको अध्ययनको क्रममा विद्यार्थीहरू अधिक मात्रामा प्रथम (मातृ) भाषाको प्रभाव देखिन्छ भने विद्यालयमा शिक्षकहरूले पनि नेपाली भाषा शिक्षणको विधि र तालिम अनुसार शिक्षण प्रक्रिया नअपनाएर शिक्षण गरेको बुझिन्छ ।

## ५.२ सस्वरपठन सम्बन्धी सुझावहरू

अवधी भाषी विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली भाषालाई ग्रहण गर्ने गर्दछन् । नेपाली भाषालाई स्तरीय, मानक र माध्यम भाषाको रूपमा सिक्ने क्रममा उनीहरूले कयौँ त्रुटिहरू गर्ने गर्दछन् । यस्ता त्रुटिहरू विभिन्न कारणले हुन्छन् । कुनै

त्रुटि विद्यार्थीको मातृभाषाको कारणले हुन्छन् भने कतिपय शिक्षण प्रक्रिया र विधि प्रभावकारी नहुनु पनि हुन्छन् । त्यस्तै भाषिक वातावरण र अभिरुचिका कारणले पनि हुन्छ ।

विशेष गरेर अवधी भाषी विद्यार्थीहरूले दोस्रो भाषाका रूपमा नेपाली सिक्दा स्रोत भाषा र लक्ष्य भाषा बिचको भिन्नता, सिकारुको बौद्धिक स्तर, वातावरणीय र विद्यालयको शिक्षण पद्धतिले गर्दा त्रुटिहरू गर्दै गरेको देखिन्छ । त्यसैले विद्यार्थीहरूलाई नेपाली सस्वर पठनमा गर्ने त्रुटिहरू कम गर्न र नेपाली मानक उच्चारण तर्फ उन्मुख गराउन निम्नानुसार सुझाव उल्लेख गर्न सकिन्छ :

(क) प्राथमिक तह माथिल्लो स्तरको आधार स्तम्भ भएकाले उक्त तहदेखि नै सस्वर पठन सम्बन्धी कार्यकलाप गराउनु पर्ने देखिन्छ ।

(ख) भाषा शिक्षकले मात्र भाषा शिक्षण गराउनु राम्रो हुन्छ ।

(ग) सस्वरपठनमा स्वर प्रसारण गति, यति, लय, अभिनय, चिह्न प्रयोग विधाअनुसार पठन गर्न शिक्षक आफूले नमुना कक्षा प्रदर्शन गराई त्यसै गर्न प्रोत्साहन दिनु पर्छ ।

(घ) विद्यार्थीहरूको मनोभावना बुझेर कस्तो किसिमको त्रुटि गर्छ सो कुरामा केन्द्रित भएर उपचारात्मक शिक्षण गर्नुपर्ने देखिन्छ ।

(ङ) नेपाली शिक्षणलाई कथा, कविता पढाउने चिन्तनबाट मुक्त भएर भाषाको स्तरीय प्रयोग र सिर्जनात्मक क्षमताको विकास गर्नु हो भन्ने धारणा शिक्षकमा आउनु पर्ने देखिन्छ ।

(च) विद्यार्थीहरूलाई बारम्बार प्रत्येक विधाहरू समाचारपत्र अन्य गद्यलाई सस्वरपठन गर्न लगाएमा अभ्यस्त हुने देखिन्छन् ।

(छ) भाषिक मूल्याङ्कनमा लिखित परीक्षा मात्र नभएर मौखिक परीक्षा पनि लिँदा राम्रो हुन्छ । टेप रेकर्ड पद्धति अपनाउँदा राम्रो हुन्छ ।

(ज) अतिरिक्त क्रियाकलापका रूपमा वादविवाद शब्दार्थ, शब्दोच्चारण सम्बन्धी प्रतियोगिता गराउँदा अझ भाषिक सीप विकासमा अभिवृद्धि हुने देखिन्छ ।

(झ) विद्यार्थीहरूलाई रेडियो कार्यक्रम, टि.भी. कार्यक्रमका साथै विभिन्न भाषिक कार्यक्रमहरू हेर्न लगाएमा सस्वरपठनमा सहयोग पुग्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६०), ***नेपाली भाषा शिक्षण,*** काठमाडौँ : कुञ्जन प्रकाशन ।

––––––, (२०६३) ***भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,*** ते.सं., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

––––––, (२०४६), ***समसामयिक नेपाली व्याकरण,*** काठमाडौँ : कुञ्जन प्रकाशन ।

–––––– र शर्मा, केदारप्रसाद (२०६१), ***प्रारम्भिक नेपाली शिक्षण,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

–––––– र भट्टराई, बद्रीविशाल (सम्पा.) (२०६१), ***प्रायोगिक नेपाली शब्दकोष,*** काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०५७), ***शिक्षक निर्देशिका,*** काठमाडौँ : त्रि.वि., कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), ***निम्न माध्यमिक शिक्षा पाठ्यक्रम,*** भक्तपुर, सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), ***हाम्रो नेपाली किताब : कक्षा सात,*** भक्तपुर, सानोठिमी ।

खनाल, पेशल (२०६५), ***शैक्षिक अनुसन्धान पद्धति,*** काठमाडौँ : स्टुडेन्ट्स बुक्स पब्लिकेसन एण्ड डिष्ट्रिब्युटर्स ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०५६), ***भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,*** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

बन्धु, चूडामणि (२०५२), ***अनुसन्धान तथा प्रतिवेदन लेखन,*** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६३), ***स्नातकोत्तर नेपाली शोधविवरण,*** काठमाडौँ : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

लामिछाने, यादवप्रकाश (२०५७ ने.सं.), ***नेपाली भाषा शिक्षण परिचय,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधव पौडेल (२०६०), ***नेपाली भाषा र साहित्य शिक्षण,*** प्र.सं., काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

**अप्रकाशित शोधपत्रहरू**

अधिकारी, रामशरण (२०६०), ***कक्षा चार पूरा गरेका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कुँवर, राजेन्द्रसिंह (२०६४), ***कक्षा सातमा अध्ययनरत दार्चुलेली भाषी विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, सीतादेवी (२०६४), ***कक्षा तीन पूरा गरेका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

झा, कञ्चन (२०६०), ***कक्षा चार उत्तीर्ण मैथिली भाषी विद्यार्थीले उच्चारण गर्दा गर्ने त्रुटिको विश्लेषण,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्ट, रामदत्त (२०६२), ***कक्षा पाँचमा अध्ययनरत दार्चुलेली भाषिका हुने विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सिंह, दिपिलकुमार (२०६४), ***कक्षा सातमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, तुलसी (२०६४), ***कक्षा आठमा अध्ययनरत कास्की जिल्लाका विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सुवेदी, भीमप्रसाद (२०६०), ***पाँच कक्षामा अध्ययनरत विद्यार्थीहरूले सस्वरवाचन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सेढाइ, सीता (२०६४), ***कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूले सस्वरपठन क्षमताको अध्ययन,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट – क

## जाँचसूची (सस्वरवाचन)

विद्यालयको नाम :

प्रधानाध्यापक :

विषय शिक्षक :

| क.सं. | विद्यार्थीहरूको नाम | सस्वरवाचनमा देखिने सकारात्मक पक्षहरू | | | | | | | सस्वरवाचनमा देखिने नकारात्मक पक्षहरू | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गति यति | विराम चिह्न | हाउभाउको सन्तुलन | विधाअनुसार भावाभिव्यक्ति | सुर लय आघात | बोध गम्यता | स्पष्ट उच्चारण | अकमकाइ | पुनरुक्त | थेगोको प्रयोग | भाषिक प्रभाव |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | धनबहादुर बस्नेत |
| बुवाको नाम | : | चन्द्रबहादुर बस्नेत बस्नेत |
| जन्ममिति | : | २०३७०७१५ |
| अञ्चल | : | भेरी अञ्चल |
| जिल्ला | : | सुर्खेत |
| गा.वि.स. | : | डाँडाखाली–९ |
| धर्म | : | हिन्दु |
| लिङ्ग | : | पुरुष |
| नागरिकता | : | नेपाली |
| पेशा | : | शिक्षण |

## शैक्षिक योग्यता

| क्र.सं. | तह | संस्था | वर्ष |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री बागेश्वरी माध्यमिक विद्यालय, राकम | २०५६ |
| २ | आइ.ए | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज | २०६० |
| ३ | बी.एड्. | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज | २०६५ |
| ४ | एम.एड. | त्रिभुवन विश्वविद्यालय | २०६८ |